नेपाल सरकार

उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय

वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग

# प्रशोधित पानीको जार तथा बोटलको पानीको मूल्य निर्धारण, बजारको तह र पानी उद्योगहरुको स्थलगत निरक्षण गर्न बनेको कार्यदलको प्रतिवेदन

मिति : २०७७ श्रावण २४

**रविन्द्र आचार्य**
**निर्देशक**

वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभागका महानिर्देशक श्रीमान् नेत्रप्रसाद सुवेदीज्यूको संयोजकत्वमा वाणिज्य विभागका निर्देशकहरु तथा कर्मचारीहरु, नेपाल बोटल वाटर उद्योग संघका पदाधिकारीहरु, र उपभोक्ताकर्मीहरु समेतको उपस्थितिमा प्रशोधित पानीका जार तथा बोटलहरुको मूल्य निर्धारण गर्ने कार्यशर्त सहित मिति २०७७।३।२५ मा पानी उद्योगहरुको स्थलगत निरिक्षण गरी सो को प्रतिवेदन पेश गर्नका लागि देहाय वमोजिमको ५ सदस्यीय कार्यदल गठन गरिएको थियो ।

| | | |
|---|---|---|
| संयोजक | श्री सागर मिश्र | निर्देशक, वाणिज्य अपूर्ति तथा उपभोक्ता संरक्षण विभाग |
| सदस्य | श्री इश्वर सुवेदी | बरिष्ठ खाद्य निरिक्षक, खाद्य प्रविधि तथा गुणनियन्त्रण विभाग |
| सदस्य | श्री प्रेमलाल महर्जन | अध्यक्ष, ~~नेपाल~~ राष्ट्रिय उपभोक्ता मञ्च |
| सदस्य | श्री ध्रुव वहादुर गौतम | महासचिव, नेपाल बोटलर्स वाटर एसोसियसन |
| सदस्य-सचिव | श्री ध्रुव खनाल | निरिक्षण अधिकृत, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग |

नेपाल सरकार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग बबरमहल, काठमाडौं

## पृष्ठभूमि

वाणिज्य अपूर्ति तथा उपभोक्ता संरक्षण विभागले प्रशोधित पिउने पानीको उत्पादन र बिक्री वितरण कार्यलाई सुव्यवस्थित गरी उपभोक्ताले सुलभ तरिकाले सुपथ मूल्यमा जार तथा बोटलका प्रशोधित पिउने पानी प्राप्त गर्न सकुन भन्ने विश्वास लिएको छ ।पानी उद्योगहरुको स्थलगत निरिक्षण तथा पानीको जार र बोटलहरुको मूल्य निर्धारण सम्वन्धमा कार्यदलले पानी उद्योगहरुको उपलब्ध सूचिलाई ५ क्षेत्रमा विभाजन गरी प्रत्येक क्षेत्रवाट ४/४ उद्योगहरु नमूनाका लागि छनौट गरेको थियो । नमूना पानी उद्योगहरु छनौट गर्दा राम्रा, मध्यम र सामान्य अवस्थाका उद्योगहरुलाई छनौट गरिएको थियो । यसरी छनौट गरिएका पानी उद्योगहरुले प्रशोधन गरेर बिक्री गरेको पानी उपभोक्ताले के कसरी कति मूल्यमा प्राप्त गरिरहेका छन् तथा पानी उत्पादकले कति कति मूल्यमा जार तथा बोटलका पानी उद्योगवाट बिक्री गरीरहेका छन् र उपभोक्ताहरुले कति मूल्यमा प्रशोधित

पानी प्राप्त गरिरहेका छन् ,बजारको तह कति रहेको छ र जार तथा बोटलको मूल्य भन्ने कुराको अध्ययन तथा अनुसन्धान गर्ने कार्यदलको प्रमुख उद्देश्य रहेको थियो।

यसका अतिरिक्त उद्योगहरुको व्यवसाय दर्ताको स्थिति, उद्योग सञ्चालनको लागि अनुज्ञापत्र लिए/नलिएको, अनुज्ञापत्रको नवीकरण भए/नभएको, अनुज्ञापत्र प्राप्त उद्योगले आफ्नो उत्पादनको प्रत्येक ब्राण्डका लागि ट्रेडमार्क र प्याकिङ्ग साईजको लागि उत्पादन अनुमति लिए नलिएको, पानी उद्योग सञ्चालनका लागि तोकिएका न्यूनतम मापदण्डहरु पुरा गरे/नगरेको विषयहरुमा केन्द्रित भइ उपभोक्ता संरक्षण ऐन, २०७५ को दफा ४ को उपदफा (१) अनुसार उपभोक्ताको अधिकारको संरक्षण गर्न नियमित रुपमा वस्तु वा सेवाको अपूर्ति मूल्य, गुणस्तर, नापतौल, लेबल आदिको नियमन गर्ने व्यवस्था रहेकोमा सोही अनुसार नियमन गरिएको थियो ।कार्यदलले श्रावण १, २०७७ देखि कार्य प्रारम्भ गरेको थियो ।

नेपाल सरकार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग बबरमहल, काठमाडौं

श्रावण १

**१. बराल खानेपानी सेवा, गोकर्णेश्वर न पा काठमाण्डौ**

- सामान्य कैफियतमा तत्काले सुधार गराइएको वा सुधार गर्न निर्देशन दिएको
- कुचेको फुटेको जारलाई केमिकल नलगाएर टालटुल नगरि नष्ट गर्ने।
- जार सरसफाइ गर्दा भित्री सरसफाइलाई विशेष ध्यान दिने लेउ लागेका जारलाई राम्रो सँग सरसफाइ गर्ने वा नष्ट गर्ने ।
- पानीको गुणस्तर नेपाल सरकाले तोकेको मापदण्ड अनुसार हुने गरी कायम गर्ने ।

  पानीको बिक्री मूल्य :

  जार : रु ११/-     बोटल : -

**२. वि एण्ड एस खानेपानी उद्योग प्रा ली गोकर्णेश्वर न पा काठमाण्डौ**

- सामान्य कैफियतमा तत्काले सुधार गराइएको वा सुधार गर्न निर्देशन दिएको